Email :neelakanthamun@gmail.com

# नीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धादिङ्वेसी,धादिङ
बागमती प्रदेश, नेपाल

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङवेसी धादिङ बागमती प्रदेश नेपाल

पत्र संख्या :- ०७८/०७९
चलानी नं. :

## सटर भाडामा लगाउने सम्बन्धि सूचना

प्रकाशित मिति : २०७८/०८/०५

यस नगरपालिकाद्धारा निर्माण गरिएको वडा नं. ३ विचबजारमा रहेको व्यवसायिक भवनको तपशिल बमोजिमको सटरहरु भाडामा लगाउने भनि नगर कार्यपालिकाको बैठकवाट निर्णय भएको हुदाँ देहायका उल्लेखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र रितपूर्वकको निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | स्थान | न्यूनतम रकम | सटर संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | विच बजार | एक मुष्ठ मासिक १,३०,०००।- | १० (प्याकेज १) | बढाबढ |

शर्तहरु.

१.भाडामा लिन चाहने इच्छुक व्यक्ति,फर्म, कम्पनी संघ संस्थाले रु.१००० (अक्षररुपी एक हजार ) दस्तुर तिरी यस कार्यालयबाट आवेदन खरिद गर्न सक्नेछ । आवेदन गर्दा आफूले कवोल गरेको कुल अंकको ५% रकम यस नगरपालिकाको खाता नं. १०३०१००३०३००००६ राष्ट्रिय वाणिज्य बैक, धादिङ शाखामा जम्मा गरेको बैक भौचर समेत संलग्न गर्नुपर्नेछ ।

२. सटर भाडामा लिई आफूले संचालन गर्ने व्यापार व्यवसायसँग सम्बन्धित व्यवसायिक कर्ता प्रमाणपत्रको प्रतिलिपी, आन्तरिक राजश्व कार्यालयबाट प्राप्त मू.अ.कर वा प्यान नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व.२०७७/२०७८ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी तथा प्रोपाइटरको नागरिकताको प्रतिलिपी लगायत् अन्य कागजातहरु र यस कार्यालयबाट खरिद गरिएको आवेदन भरि शिलबन्दी गरी पेश गर्नु पर्नेछ । तर व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपी संलग्न राखी आवेदन पेश गर्नुपर्नेछ ।

३. कानूनले वन्देज लगाइएको सामानहरु विक्री वितरण गर्न पाइने छैन।

४.पानी महशुल तथा विद्युत महशुल भाडामा लिने व्यक्ति, फर्म, कम्पनी,संघसंस्था स्वयमले व्यहोर्नु पर्नेछ ।

५. प्रति सटर तोकिएको न्यूनतम मासिक भाडा भन्दा सबै भन्दा बढी कवोल गर्ने र आवेदनलाई स्वीकृत गरिनेछ । दर्ता भएका आवेदनहरुबाट ८औं दिनको अपरान्ह २:०० बजे कार्यालयको प्रतिनिधि र रोहवरमा शिलवन्दी खोलिनेछ । आवेदकको अनुपस्थिति भएमा पनि यस कार्यालयलाई शिलवन्दी खोल्न बाधा पर्ने छैन । शिलवन्दी खोलिने मितिमा सार्वजनिक विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६. आवेदन स्वीकृत भएको आवेदकले स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ दिन भित्र आफूले कवोल गरेको मासिक भाडाको दरले जम्मा ३ महिनाको भाडावापत हुने रकम धरौटी सहित आ.व. २०७८/२०७९ को लागि मात्र सम्झौता गर्न आउनु पर्नेछ। धरौटी रकम यस नगरपालिकाको धरौटी खातामा जम्मा गर्नुपर्ने छ ।

७. तोकिएको म्याद भित्र धरौटी सहित सम्झौता नगरेमा त्यस पछि बढी कवोल गर्ने व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थासँग सम्झौता प्रक्रिया अगाडी बढाईनेछ ।

८.स्वीकृत भएको मासिक भाडा रकम प्रत्येक महिनाको २५ गते भित्र नगरपालिकामा बुझाउनुपर्नेछ । तीन महिनासम्म भाडा नबुझाएमा धरौटी वापत राखिएको रकमबाट भाडा असुल उपर गरि सटर खाली गराइने छ

९. म्याद भन्दा ढिलो गरी प्राप्त हुन आएको, रित नपुगेको, कुनै शर्त राखी पेश भएको, सूचनाको शर्त विपरित भएको आवेदन माथि कुनै कारवाही हुनेछैन ।

१०.शिलवन्दी आवेदन स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

११.ठेक्का जसको नाममा सकार हुन्छ उसैले व्यवसाय संचालन गर्नुपर्नेछ। अर्थात पुन भाडामा लगाउन पाइने छैन ।

१२.सूचना सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ र अन्य कुराहरु कम्झौता र प्रचलित कानून बमोजिम हुनेछ ।

प्रशासकीय अधिकृत

प्रशासकीय अधिकृत